57

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, फागुन १५ गते २०४० साल (संख्या ४५

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको

### सूचना

#### निकासी पैठारी (पहिलो संशोधन) नियमहरू, २०४०

निकासी पैठारी नियमहरू, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निकासी पैठारी (पहिलो संशोधन) नियमहरू, २०४०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. निकासी पैठारी नियमहरू, २०३४ को नियम ९ मा संशोधनः निकासी पैठारी नियमहरू, २०३४ को नियम ९ को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छ :–

"(३) यस नियमबमोजिम पैठारी इजाजतपत्रको म्याद थप गर्दा वा इजाजतपत्रमा उल्लेखित कुनै व्यहोरा संशोधन गर्दा लाग्ने दस्तूर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।"

आज्ञाले,

दामोदरप्रसाद गौतम

श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226